# लोक सेवा आयोग
## काठमाडौं कार्यालय
(परीक्षा शाखा)

अनामनगर, काठमाडौं

☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेबसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np


## सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ३४०/०७९-८०, मिति २०७९।१२।२९**

लोक सेवा आयोग, काठमाडौ कार्यालयले सञ्चालन गर्ने **सशस्त्र प्रहरी बल, नेपाल**को मिति २०७९।०६।०७ गते प्रकाशित विज्ञापन नं. ०५(०७९/०८०)(खुला तथा समावेशी), **सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण उपसमूह)** पदमा **श्री सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय स्वयम्भू, हल्चोक, काठमाडौं**बाट लिखित परीक्षाका लागि छनौट भएका उम्मेद्वारहरुको लिखित परीक्षा कार्यक्रम नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड र लोक सेवा आयोगबाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेश्रो संशोधन सहित) को पालना गर्ने गराउने गरी तपसीलको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। **तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरुमा कुनै पनि उम्मेदवारहरुलाई सम्मिलित गराइने छैन।** तोकिएको परीक्षा भवनमा परीक्षा शुरु हुनुभन्दा कम्तिमा १ घण्टा ३० मिनेट अगावै पुग्नु पर्नेछ । परीक्षार्थीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने विषयहरू द्रष्टव्य १ र २ मा तल उल्लेख गरिएको छ।

### तपसील

#### परीक्षा कार्यक्रम

| विज्ञापन नं. | पद | समूह, उपसमूह | पत्र | विषय, परीक्षा प्रणाली | लिखित परीक्षाको मिति र समय | अवधि |
|---|---|---|---|---|---|---|
| ०५(०७९/०८०) (खुला तथा समावेशी) | सशस्त्र प्रहरी सहायक निरीक्षक | साधारण, साधारण | प्रथम | नेपाली (वस्तुगत र विषयगत) | २०८०।०१।१७ गते विहानको ८:०० बजे | १ घण्टा ३० मिनेट |
| | | | | अंग्रेजी (वस्तुगत र विषयगत) | २०८०।०१।१७ गते विहानको ९:३० बजे | १ घण्टा ३० मिनेट |
| | | | द्वितीय | सामान्य ज्ञान (वस्तुगत बहुबैकल्पिक) | २०८०।०१।१८ गते विहानको ८:०० बजे | १ घण्टा १५ मिनेट |
| | | | | आई.क्यू. (वस्तुगत बहुबैकल्पिक) | २०८०।०१।१८ गते विहानको ९:३० बजे | ४५ मिनेट |
| | | | तृतीय | संविधान (विषयगत) | २०८०।०१।१९ गते विहानको ८:०० बजे | १ घण्टा ३० मिनेट |
| | | | | सेवा सम्बन्धी (विषयगत) | २०८०।०१।१९ गते विहानको ९:३० बजे | १ घण्टा ३० मिनेट |

#### लिखित परीक्षा भवन

| क्र.सं. | उम्मेदवारहरूको दर्ता नं. | परीक्षार्थी संख्या | परीक्षा भवन |
|---|---|---|---|
| १ | ३००१ देखि ३४०७ सम्म | २०० जना | श्री नेपाल युवक मा.वि. (क),पकनाजोल |
| २ | ३४०८ देखि ३८४५ सम्म | २०० जना | श्री नेपाल युवक मा.वि. (ख),पकनाजोल |
| ३ | ३८४८ देखि ४२१७ सम्म | २०० जना | श्री जुद्धोदय मा.वि. (क), क्षेत्रपाटी |
| ४ | ४२१८ देखि ४८२४ सम्म | २८८ जना | श्री जुद्धोदय मा.वि. (ख), क्षेत्रपाटी |

लोक सेवा आयोग
**काठमाडौं कार्यालय**
(परीक्षा शाखा)
अनामनगर, काठमाडौं
☎ ०१-४७७१९८१, ४७७१९८२, ४७७१९८४ फ्याक्स नं- ०१-४७७१९८३ वेवसाइटः www.psc.gov.np इमेलः kathmandu@psc.gov.np

**द्रष्टव्य १ः-**

१. परीक्षा सञ्चालन हुने दिन आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन ।
२. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ ।
३. परीक्षा भवनमा झोला, मोवाइल फोन, स्मार्ट वाच तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ। वस्तुगत परीक्षामा क्याल्कुलेटर प्रयोग गर्न पाइने छैन ।
४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।
५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेशपत्र अनिवार्य रूपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा ३० मिनेट अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
६. परीक्षामा प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै परिचयपत्र अनिवार्य रूपमा लिई आउनुपर्नेछ ।

**द्रष्टव्य २ः-** **कोभिड-१९ संक्रमणबाट सुरक्षित रहन परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरू:**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयंले कम्तिमा माक्स, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।
२. उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरिकन एकआपसमा भौतिक दूरी कायम गर्नु पर्नेछ ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ ।
४. परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।
५. परीक्षार्थीहरू समूहमा भेला हुने, कुराकानी गर्न पाइने छैन ।
६. कोभिड-१९ बाट तत्काल संक्रमित परीक्षार्थीहरूका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले आफू संक्रमित भएको जानकारी यस कार्यालयको टेलिफोन नं. ०१-४७७१९८२ वा मोवाईल नम्बर ९८४१७७७६७०, ९८४९४०९४०९ वा सशस्त्र प्रहरी बल, नेपालको मोवाईल नं ९८५१२५९७४२ मा सम्पर्क गरी अग्रिम जानकारी दिनु पर्नेछ।

| | | |
|---|---|---|
| .............................. | .................................... | ................................ |
| (रामप्रसाद पौडेल) | (लक्ष्मीप्रसाद पराजुली) | (चन्द्रकान्त निरौला) |
| नायव सुब्बा | शाखा अधिकृत | उपसचिव |